प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

**शैक्षिक शत्र २०८१/०८२ को लागि बार्षिक परीक्षा प्रणालीका डिप्लोमा/प्रमाणपत्र र प्रि-डिप्लोमा तहका कार्यक्रमहरुमा पुर्ण शुल्कीय तर्फ उत्तीर्ण सूचीमा रहेका परीक्षार्थीहरुबाट रिक्त सिटमा भर्नाका लागि निवेदन दिने एवं पूनः प्रवेश परीक्षाका लागि आवेदन फाराम भर्ने सम्वन्धी अत्यन्त जरुरी सूचना !**

(सूचना प्रकाशित मिति २०८१।०८।२४ गते)

शैक्षिक शत्र २०८१/०८२ का लागि प्रि-डिप्लोमा, डिप्लोमा/प्रमाणपत्र तहका नर्सिङ्ग बाहेकका बार्षिक परीक्षा प्रणालीका बिभिन्न कार्यक्रमहरुमा परीक्षा समितिको मिति २०८१।०८।२० गतेको निर्णयानुसार वर्गीकृत (निःशुल्क) छात्रवृत्ति बाहेक तोकिएका कोटामा परीक्षा नियन्त्रण कार्यालयबाट मिति २०८१।०३।१५ गतेको गोरखापत्र राष्ट्रिय दैनिक र www.ctevtexam.org.np मा प्रकाशित सूचना अनुसार ITMS मा Online Entry भई पुर्ण शुल्कीय तर्फको प्रवेश परीक्षामा सहभागी भई उत्तीर्ण सूची (Cut off/Pass list) मा रहेका इच्छुक परीक्षार्थीहरुले शिक्षण संस्थाका रिक्त रहेका सिटहरुमा मिति २०८१।०८।२४ गते देखि २०८१।०८।२७ गते कार्यालय समय भित्र प्रवेश पत्रको प्रतिलिपी, प.नि.का.को वेवसाइटमा राखिएको नतिजा सिट संलग्न राखी निवेदन दर्ता गर्नु, गराउनु हुन तथा उत्तीर्ण सूचीमा रहेका परीक्षार्थीहरुबाट भर्ना गराउंदा समेत सिट रिक्त रहन गएमा आवेदन फाराम भराई तल यस सूचनामा उल्लेख भए बमोजिम पूनः प्रवेश परीक्षा संचालन गर्न गराउनु हुन समेत सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु :**

(१) विशेष छात्रवृत्ति तर्फका प्रि-डिप्लोमा/डिप्लोमा/प्रमाणपत्र तहका बार्षिक परीक्षा प्रणालीका कार्यक्रमहरुमा सिट रिक्त रहेको भएमा रिक्त सिटमा सम्वन्धित कार्यक्रमहरुमा प्रवेश परीक्षा दिई यस कार्यालयबाट प्रकाशित प्राविधिक शिक्षामा विशेष छात्रवृत्ति कार्यक्रमको प्रवेश परीक्षाको नतिजाको सूचना बमोजिम उत्तीर्ण सूचीमा रहेका परीक्षार्थीहरुबाट निवेदन माग गरी भर्ना प्रक्रिया गर्न र Registration को Online Entry गर्न सकिनेछ । यस कार्यक्रममा पूनः प्रवेश परीक्षा संचालन हुने छैन ।

(२) डिप्लोमा/प्रमाणपत्र तहका नियमित तर्फका बार्षिक परीक्षा प्रणालीको **नर्सिङ्ग बाहेकका** कार्यक्रमहरुमा सिट रिक्त भए उत्तीर्ण सूचीमा रहेका परीक्षार्थीहरु भर्ना हुन आएमा निर्देशिका बमोजिम भर्ना प्रक्रिया गरी बांकी रहेको रिक्त सिटमा मात्र पूनः प्रवेश परीक्षा संचालन गरी भर्ना हुंदाका बखत नै रजिष्ट्रेशनको Online Entry गर्नु पर्नेछ ।

(३) प्रि-डिप्लोमा तहका नियमित तर्फका रिक्त रहेका कार्यक्रमहरुमा पूनः प्रवेश परीक्षा संचालन गरी भर्ना सम्वन्धी निर्देशिकाको दफा १८ बमोजिमको शिक्षालयमा गठित प्रवेश परीक्षा संचालन तथा नतिजा प्रकाशन उप समितिबाट प्रवेश परीक्षा संचालन, परीक्षार्थी छनौट, नतिजा प्रकाशन र भर्ना सिफारिश गर्नेछ । साथै रजिष्ट्रेशनको Online Entry गराई सम्पुर्ण प्रकियाहरु पुरा गर्नुपर्नेछ ।

(४) अप्रेन्टिशिप कार्यक्रमहरुको रिक्त सिटमा समेत तल उल्लेखित प्रि-डिप्लोमा तहको कार्यतालिका बमोजिम हुने गरी उत्तीर्ण सूचीमा रहेका परीक्षार्थी भर्ना हुन नआएमा पूनः प्रवेश परीक्षा संचालन गरी भर्ना प्रक्रिया गर्न सकिनेछ । यसरी भर्ना गर्दा अप्रेन्टिशिप कार्यक्रमको लिखित तथा अन्तरवार्ता दिई उत्तीर्ण सूचीमा रहेको कार्यक्रममा मात्र भर्ना गर्नुपर्नेछ । लिखित परीक्षा समाप्त हुने बित्तिकै अन्तरवार्ता संचालन गरी यथाशिघ्र नतिजा प्रकाशन गर्नुपर्नेछ ।

(५) पुनः प्रवेश परीक्षा संचालन गर्दा प्रवेश परीक्षा शुल्क बाहेक निर्देशिकामा उल्लेखित रजिष्ट्रेशन शुल्क बिलम्ब शुल्कको दरमा बुझाउनु पर्नेछ ।

(६) नतिजा प्रकाशन उप-समिति :

पूर्ण शुल्कीय तर्फका कोटा अनुसार Cut off/उत्तीर्ण सूचीबाट भर्ना गर्दा पनि सिट रिक्त रहेमा डिप्लोमा/प्रमाणपत्र तहका स्वास्थ्य तर्फका फार्मेसी र सामान्य चिकित्सा कार्यक्रमहरुको नतिजा प्रकाशन गर्न सम्वन्धित शिक्षालयमा देहाय बमोजिमको उप-समिति रहनेछ । उक्त समितिले यथाशिघ्र नतिजा प्रकाशन गर्नुपर्नेछ ।

(क) सम्वन्धित शिक्षालयका प्राचार्य -संयोजक

(ख) सम्वन्धित पालिकाको शिक्षा हेर्ने महाशाखा/शाखा प्रमुख वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी प्रतिनिधि -सदस्य

(ग) सम्वन्धित परिषद्, प्रदेश कार्यालयले तोकेको अधिकृत कर्मचारी -सदस्य

(घ) सम्वन्धित शिक्षालय संचालक समितिले तोकेको प्रशिक्षक वा कर्मचारी -सदस्य सचिव

डिप्लोमा/प्रमाणपत्र तहका स्वास्थ्य तर्फका फार्मेसी र सामान्य चिकित्सा बाहेकका कार्यक्रमहरुमा परिषद्, प्रदेश कार्यालयको प्रतिनिधि उप समितिमा रहने छैन तर प.नि.का.तथा परिषद्, प्रदेश कार्यालयले सो को अनुगमन गर्न सक्नेछ ।

**नोट :**

१. प्रतिक्षा सूचीमा रहेको परीक्षार्थीले भर्ना हुन सम्वन्धित शिक्षालयमा निवेदन पेश गर्दा कुनै शुल्क लाग्ने छैन । परीक्षार्थीको फोटो सहितको प्रवेश पत्रको प्रतिलिपी, वेवसाइटमा प्रकाशित परीक्षार्थीको उत्तीर्ण सूचीमा रहेको नतिजा Printed कपी, एस.ई.ई/एस.एल.सी वा प्राविधिक एस.एल.सी को शैक्षिक प्रमाणपत्रको प्रतिलिपी र परीक्षार्थीको निवेदन सहित शिक्षालयको मूल दर्ता कितावमा दर्ता गर्नुपर्नेछ । तोकिएको समयमा निवेदन दर्ता नभएका परीक्षार्थीहरुको निवेदन उपर कुनै कारवाही हुने छैन ।

२. डिप्लोमा/प्रमाणपत्र तहका सामान्य चिकित्सा, नर्सिङ्ग, फार्मेसी र मिडवाइफरी कार्यक्रमबाट प्रवेश परीक्षा दिई उत्तीर्ण सूचीमा रहेका परीक्षार्थीहरुले अन्य कार्यक्रमहरुमा मिति २०८१।०८।२७ गते सम्ममा निवेदन दिन सक्नेछन । तर अन्य कार्यक्रमबाट प्रवेश परीक्षा दिई उत्तीर्ण सूचीमा रहेका परीक्षार्थीहरुले सामान्य चिकित्सा र फार्मेसी कार्यक्रममा निवेदन दिन पाइने छैन ।

३. **शैक्षिक शत्र २०८१/०८२ मा भर्ना भई रजिष्ट्रेशन प्रक्रिया भएका परीक्षार्थीहरुलाई भर्ना प्रक्रियामा समावेश गरिने छैन ।**

४. डिप्लोमा/प्रमाणपत्र तहको स्वास्थ्य तर्फ नर्सिङ्ग बाहेकका कार्यक्रमहरुमा पुर्ण शुल्कीय तर्फका स्वीकृत कोटाहरुमा Cut off बाट परीक्षार्थीहरु अपुग भएको खण्डमा पूनः प्रवेश परीक्षाका लागि सम्वन्धित शिक्षण संस्थाले आवेदन फाराम भराई तल उल्लेख भए बमोजिमको प्रक्रिया पुरा गर्नुपर्नेछ । साथै परिक्षार्थीको भर्ना संग संगै रजिष्ट्रेशनको फाराम समेत भराउनु पर्नेछ । डिप्लोमा/प्रमाणपत्र तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति बितरण तथा भर्ना सम्वन्धी निर्देशिका, २०८१ बमोजिम र मिति २०८१।०६।०७ गते प्रकाशित रजिष्ट्रेशनको सूचनाका सम्पुर्ण शर्तहरु शिक्षण संस्थाले पालना गर्नुपर्नेछ ।

**पून: प्रवेश परीक्षाको कार्य तालिका :**

- पून: प्रवेश परीक्षाको फाराम भर्ने अन्तिम मिति : २०८१।०८।२४-२०८१।०८।२८ गते कार्यालय समयसम्म
- डिप्लोमा/प्रमाणपत्र तहको पून: प्रवेश परीक्षाको फाराम शुल्क रु. १,५००।
- प्रि-डिप्लोमा तहको पून: प्रवेश परीक्षाको फाराम शुल्क रु. ५००।
- शिक्षण संस्थाले ITMS Online मा Entry गर्ने अन्तिम मिति :२०८१।०९।०१ गते राती ११:५९ बजे सम्म
- शिक्षण संस्थाले आवेदन फारामको शुल्क सम्वन्धित परिषद्, प्रदेश कार्यालयको बैंक खातामा दाखिला गर्ने र ITMS Online मा भौचर Upload गर्ने अन्तिम मिति :२०८१।०९।०२ गते
- डिप्लोमा/प्रमाणपत्र तहको पून: प्रवेश परीक्षा संचालन हुने मिति २०८१।०९।०४ गते बिहीवार बिहान ८:०० बजे सम्वन्धित शिक्षण संस्थामा
- प्रि-डिप्लोमा तहको पून: प्रवेश परीक्षा संचालन हुने मिति २०८१।०९।०४ गते बिहीवार दिउंसो १:०० बजे सम्वन्धित शिक्षण संस्थामा
- शिक्षालयमा गठित उप समितिबाट नतिजा प्रकाशन मिति २०८१।०९।०४ गते
- मुख्य सफल परीक्षार्थी भर्ना हुने म्याद मिति २०८१।०९।०५-९ गते सम्म
- भर्ना हुन नआई रिक्त कोटा विवरण सहितको सूचना प्रकाशन गर्नुपर्ने मिति २०८१।०९।११ गते
- उत्तीर्ण सूचीको परीक्षार्थीले निवेदन दिने म्याद मिति २०८१।०९।११-१४ गते
- रजिष्ट्रेशनको Online Entry गर्ने अन्तिम म्याद मिति २०८१।०९।१६ गते सम्म
- शिक्षण संस्थाले रजिष्ट्रेशन शुल्क सम्वन्धित परिषद्, प्रदेश कार्यालयको बैंक खातामा बिलम्ब शुल्कमा दाखिला गर्ने र ITMS Online मा भौचर Upload गर्ने अन्तिम मिति :२०८१।०९।१७ गते
- शिक्षण संस्थाले समष्टिगत विवरण, सम्पुर्ण शुल्कहरु सहित रजिष्ट्रेशन फाइल सम्वन्धित परिषद्, प्रदेश कार्यालयमा बुझाउने अन्तिम मिति २०८१।०९।२१ गते सम्म

५. परीक्षार्थीले भरेका प्रवेश परीक्षाका आवेदन फारामहरु सम्वन्धित **शिक्षालयहरुले मिति २०८१ मंसिर २७ गते बिहीवार देखि २०८१ पुस १ गते सोमवार सम्म** परिषद्, प.नि.का बाट उपलब्ध गराइएको Web Based Online Integrated Training Management System (ITMS) मा Entry गरी सक्नुपर्नेछ । परीक्षार्थीले भरेको आवेदन फाराम सम्वन्धित शिक्षालयले तोकिएको मिति भित्र Online ITMS मा Submit नभएमा वा Entry गरी Confirm नभएका आवेदन फाराम स्वीकृत हुने छैन र त्यस्ता परीक्षार्थीलाई योग्यताक्रमको सूचीमा समावेस गरिने छैन । सो को जिम्मेवार सम्वन्धित शिक्षालय हुनेछ ।

६. प्रवेश परीक्षा संग सम्वन्धित माथि उल्लेखित शुल्क शिक्षालयले परिषद्को खातामा Online बाट वा सम्बन्धित प्रदेश कार्यालयको खाता रहेको राष्ट्रिय वाणिज्य बैंकमा जम्मा गर्नु पर्नेछ र जम्मा गरेको भौचरलाई ITMS Online मा Upload गरी सम्वन्धित परिषद्, प्रदेश कार्यालयबाट Approval भएपछि परीक्षार्थीहरुको प्रवेश पत्र Print गरी सही छाप गरेर बितरण गर्नुपर्नेछ ।

**(क) डिप्लोमा तथा प्रमाणपत्र तहको सामान्य चिकित्सा, फार्मेसी कार्यक्रमको** प्रति परीक्षार्थी प्रवेश परीक्षा दस्तुर रु. १,५००। का दरले Online बाट परिषद्को खातामा वा प.नि.का.बाट प्रकाशित सूचनामा उल्लेखित खातामा प्रवेश परीक्षाको समष्टिगतमा भएको आवेदक संख्या बराबरको प्रवेश परीक्षा दस्तुर र सूचना प्रकाशन शुल्क एकमुष्ट जम्मा गरेको भौचर बुझाई प्रदेश कार्यालयबाट रसिद लिनु पर्नेछ ।

**(ख) डिप्लोमा तथा प्रमाणपत्र तहको सामान्य चिकित्सा, फार्मेसी कार्यक्रम बाहेक अन्य सम्पुर्ण कार्यक्रमको** प्रति परीक्षार्थी प्रवेश परीक्षा दस्तुर रु. १,५००। मध्ये रु ५००। सम्वन्धित शिक्षालयले प्रश्नपत्र निर्माण, नतिजा तयारी, नतिजा प्रकाशन, उप-समितिका पदाधिकारीहरुको पारिश्रमिक भुक्तानी लगायतका परीक्षा सम्वन्धी कार्यका लागि राखि प्रति परीक्षार्थी रु १,०००। का दरले Online बाट परिषद्को खातामा वा प.नि.का.बाट प्रकाशित सूचनामा उल्लेखित खातामा उल्लेखित खातामा प्रवेश परीक्षाको समष्टिगतमा भएको संख्या बराबरको प्रवेश परीक्षा दस्तुर र सूचना प्रकाशन शुल्क एकमुष्ट जम्मा गरेको भौचर बुझाई प्रदेश कार्यालयबाट रसिद लिनु पर्नेछ। प्रवेश परीक्षा संचालन तथा नतिजा प्रकाशन वापत प.नि.का. तथा सम्वन्धित परिषद्, प्रदेश कार्यालयबाट अन्य कुनै पनि खर्च रकम सोधभर्ना उपलब्ध गराइने छैन ।

**(ग) प्रि-डिप्लोमा तहको पूर्ण शुल्कीय तर्फ** प्रति परीक्षार्थी प्रवेश परीक्षा दस्तुर रु. ५००। मध्ये रु २००। सम्वन्धित शिक्षालयले प्रश्नपत्र निर्माण, नतिजा तयारी, नतिजा प्रकाशन, उप-समितिका पदाधिकारीहरुको पारिश्रमिक भुक्तानी लगायतका परीक्षा सम्वन्धी कार्यका लागि कटाई प्रति परीक्षार्थी रु ३००। का दरले प.नि.का.बाट प्रकाशित सूचनामा उल्लेखित सम्वन्धित परिषद्, प्रदेश कार्यालयको खातामा रकम जम्मा गरी ITMS Online मार्फत बैक भौचर Upload गर्नुपर्नेछ ।

(ग) डिप्लोमा तथा प्रमाणपत्र तहको प्रति कार्यक्रम रु. ५,०००।- का दरले सूचना प्रकाशन शुल्क र एकै शिक्षालयमा सोही तहमा एक भन्दा बढी कार्यक्रम सञ्चालन भएको खण्डमा प्रति कार्यक्रम थप रु.३,०००।- का दरले हुन आउने थप रकम एकमुष्ठ बुझाउनु पर्नेछ ।

(घ) परिषद्वाट निजी स्तरमा कार्यकम सञ्चालनको सम्बन्धन/स्वीकृती पाएका शिक्षालयहरुले रजिष्ट्रेशन शुल्क प्रति विद्यार्थी रु. २,५००।- र संस्थागत विकास शुल्क प्रति विद्यार्थी रु. २,०००।- दरले एकमुष्ट बुझाउनु पर्नेछ ।

७. **शुल्क बापतको रकम बैंक भौचर** दाखिला गर्ने परिषद्का प्रदेश कार्यालयहरुको बैंक खाता बिबरण यस प्रकार रहेको छ ।

(क) प्रा.शि.व्या.ता.परिषद्, कोशी प्रदेश कार्यालय, ईटहरी, सुनसरीः रा.बा.बैङ्क, इटहरी शाखा, च.हि.नं. २५५०१०००१२७८००१,

(ख) प्रा.शि.व्या.ता.परिषद्, मधेश प्रदेश कार्यालय, जनकपुर, धनुषाः रा.बा.बैङ्क, जनकपुर शाखा, च.हि.नं. १५२०१००००२६३९००१,

(ग) प्रा.शि.व्या.ता.परिषद्, बागमती प्रदेश कार्यालय, मकवानपुर, हेटौडाः रा.बा.बैङ्क, हेटौंडा शाखा, च.हि.नं. १३००१००००३६६९००१,

(घ) प्रा.शि.व्या.ता.परिषद्, गण्डकी प्रदेश कार्यालय, पोखरा, कास्कीः रा.बा.बैङ्क, पार्दी, पोखरा शाखा, च.हि.नं. ३५००१०००००२३४००१,

(ङ) प्रा.शि.व्या.ता.परिषद्, लुम्बिनी प्रदेश कार्यालय, बुटवल, रुपन्देहीः रा.बा.बैङ्क, बुटवल शाखा, च.हि.नं. ३३६०१०००००३६१००१,

(च) प्रा.शि.व्या.ता.परिषद्, कर्णाली प्रदेश कार्यालय, बिरेन्द्रनगर, सुर्खेतः रा.बा.बैङ्क, सुर्खेत शाखा, च.हि.नं. ४०८०१०००१५५२८००१,

(छ) प्रा.शि.व्या.ता.परिषद्, सुदुर पश्चिम प्रदेश कार्यालय, धनगढी, कैलालीः रा.बा.बैङ्क, धनगढी शाखा, च.हि.नं. ४१७०१००००६५०८००१

८. सम्वन्धित पाठ्यक्रममा निर्दिष्ट गरेका लक्ष्यहरु हासिल गर्न र सम्वन्धित व्यावसायिक परिषद्ले तोकेको मापदण्ड पुरा गर्न गराउन जाडो, गर्मी बिदा, सार्वजनिक बिदा तथा बिहान बेलुकी समेत थप कक्षाहरु संचालन गरी गराई मापदण्ड पुरा गराउने र शैक्षिक क्यालेण्डर अनुसार पठनपाठन पुरा गराउने जिम्मेवारी शिक्षण संस्थाको हुनेछ ।

**पूनश्चः** शिक्षण संस्थाहरुले परीक्षार्थीहरु छनौट, भर्ना सिफारिश तथा नतिजा प्रकाशन गर्दा डिप्लोमा तथा प्रमाणपत्र तहको प्रवेश परीक्षा सञ्चालन, छात्रवृत्ति बितरण तथा भर्ना सम्वन्धी निर्देशिका, २०८१ मा भएको व्यवस्था अनुसार गर्न/गराउनु हुन जानकारी गराइन्छ ।

**परीक्षा नियन्त्रक**